विदेश मन्त्रालय
(भारत सरकार)
*****

## प्रेस विज्ञप्ति

## नेपालका प्रधानमन्त्रीको भारत भ्रमण (जेठ १७-जेठ २०)

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही जेठ १७ गतेदेखि जेठ २० सम्म भारतको औपचारिक भ्रमण गर्नु हुनेछ । २०७९ पौषमा प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछिको नेपालका प्रधानमन्त्रीको यो पहिलो द्विपक्षीय विदेश भ्रमण हुनेछ । प्रधानमन्त्रीसँगै उच्चस्तरिय प्रतिनिधिमण्डल पनि भारत भ्रमणमा सहभागी हुनेछ ।

२. भ्रमणका क्रममा नेपालका प्रधानमन्त्रीले भारतका राष्ट्रपति तथा उप-राष्ट्रपतिसँग शिष्टाचार भेटवार्ता गर्नुका साथै भारत र नेपालबीचको द्विपक्षीय साझेदारीका विविध क्षेत्रका बारेमा भारतीय प्रधानमन्त्रीसँग गहन छलफल गर्नु हुनेछ । भारतका अन्य विशिष्ट व्यक्तिहरुले पनि नेपालका प्रधानमन्त्रीसँग भेटवार्ता गर्नेछन् ।

३. यसका अलावा भारत भ्रमणका दौरान नेपालका प्रधानमन्त्रीले उज्जैन र इन्दौरको पनि भ्रमण गर्नुहुने कार्यक्रम रहेको छ ।

४. यो भ्रमणले हाम्रो 'छिमेकी पहिलो' नीतिलाई अघि बढाउन हेतु भारत र नेपालबीच नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको छ । दुई देशबीचको द्विपक्षीय सम्बन्ध विगत केही वर्षमा सहकार्यका सबै क्षेत्रमा उल्लेखनीय रुपमा सुदृढ भएको छ । द्विपक्षीय साझेदारीलाई थप गति प्रदान गर्न दुवै पक्षले एक अर्कालाई दिएको महत्वलाई यस भ्रमणले विशेष जोड दिएको छ ।

नयाँ दिल्ली

२०८० जेठ १३

********